# सामाजीक चेतना तथा वहुउदेश्यीय विकास समुह नेपाल

## आ व २०८१/८२

## कार्यप्रगति प्रतिवेदन

## सामदान (SAMDAN)

समाजसँग हातेमालो गर्दै चेतना अभिवृद्धि, वातावरण संरक्षण, सामाजिक तथा आर्थिक विकासलाई प्रवर्द्धन गरी उज्यालो र आत्मनिर्भर नेपाल निर्माण गर्नु नै Social Awareness and Multipurpose Development Alliance Nepal (SAMDAN) को मूल मिसन हो। आफ्ना लक्ष्य र उद्देश्यप्रति दृढ प्रतिबद्धतासहित सामदानले विगत १३ वर्षदेखि बालबालिकामा आधारित वातावरणीय शिक्षा कार्यक्रम (Children-BEEP) र बाल शिक्षा सहयोग कार्यक्रम (CESP) सञ्चालन गर्दै आएको छ। यहाँ आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गतिविधिहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

## क प्रशासनिक गतिविधिहरु

१. २०८१ भदौ २४ गते सामाजिक लेखापरीक्षण तथा १३ औं साधारण सभा सम्पन्न भयो जसमा संस्थाको वोर्ड सदस्यहरु, आजीवन सदस्यहरु, साधारण सदस्यहरु, विद्यालय प्राचार्यहरु, CESP परिवारहरु तथा स्थानीय प्रतिनिधिहरू गरी १०० भन्दा बढी व्यक्तिहरुको सहभागिता रहेको थियो

२. आ व २०८१/८२ देखी आ व २०८३/८४ का लागी ३ वर्षे Children-BEEP र CESP को स्थानीय योगदान रु ५७,४६,२६०/– सहित, रु १,७६,४१,२६०/– बरावरको संयुक्त परियोजना प्रस्ताव समाज कल्याण परिषदवाट मिति २०८२/४/३० मा पारित गरियो ॥

३ जिल्ला प्रशासन कार्यालय (२०८१/७/२१) तथा काठमाडौं महानगरपालिका–१६ (२०८१/६/४) मा संस्था नवीकरण भयो ।

४ मिती २०८२/४/१ गते देखी लागू हुने हिसापले श्री सञ्जोगराज सापकोटा ज्यू लाई संस्थाको स्थायी कर्मचारीका रूपमा नियुक्त गरियो भने नर्वेको Hald International School का २ स्वयंसेवक विद्यार्थीहरुले पनि अल्पकालीन स्वयंमसेवी कर्मचारीका रुपमा करिव ६ महिना सम्म संस्थामा काम गरे । छुट्टयाईएको पेपर र प्लास्टीक कलेक्सन गर्ने पार्टटाईम गाडीचालक कर्मचारी सहित संस्थामा आ व २०८१/८२ मा जम्मा ८ जना कर्मचारीहरुले काम गर्नुभयो ।

५. Rivers. Global, Norway एउटा नयाँ साझेदारको रुपमा स्थापीत हुन सक्यो ।

६. नेपालमा कार्यरत Micah Network, International Need Network / CarNet Nepal, MDS, MCDS आदी संघ संस्थाहरुसँग पनि सानै मात्रामा भए पनि श्रोत र सामग्रीहरु को सहकार्य रहन सक्यो ।

## ख बालबालिकामा आधारित वातावरणीय शिक्षा कार्यक्रम (Children-BEEP)

२०१२ देखि सञ्चालनमा आएको यस कार्यक्रमले विद्यार्थीलाई वातावरणीय प्रदुषण न्युनिकरणमा नेतृत्वदायी र उदाहरणीय नमुनाको भुमिकामा सशक्तिकरण र सक्षम गराउदै र फोहर व्यवस्थापनमा सक्षम बनाउन शिक्षा र व्यवहारिक अभ्यास मार्फत जिम्मेवारीबोध गराउँदै आएको छ। यसका लागी विद्यालयहरु सँगको सम्झौतामा Childern-BEEP को ३२ टिचिङ्ग आवर वरावरको पाठ्यक्रम विद्यार्थीहरुमा लागु गरिएको छ जसमा फोहोर वर्गिकरण गर्ने तरिका, ठोस फोहोरमैला ले हुने प्रदुषणका कारणहरु र यसको वातावरणीय प्रभाव, ठोस फोहोर मैला व्यवस्थापनको प्रचलित विधिहरु, फोहोर

घटाउने, पुन प्रयोग र पुनःचक्रणका  सैद्धान्तिक र ब्यवहारीक सिकाई, कुहिने फोहोरलाई भाँडोमा कम्पोस्ट मल बनाउने विघि, कम्पोस्ट मलको प्रयोगबाट करेसा वारी र कौसी खेती गर्ने विधि, हरियाली प्रवर्द्धन, रिसाईकल कागजबाट विभिन्न किसिमका हस्तकला बनाउने सिप आदीको अध्यापन सँगसँगै अभिभावक र समुदायसँग सम्वन्धित विभिन्न इनडोर र आउटडोर कार्यक्रम गरियो ।

## मुख्य क्रियाकलापहरु

१ यस आ व मा बालबालिकामा आधारित वातावरणीय कार्यक्रम भित्र ५ नयाँ विद्यालय थप गरियो जसबाट १,६५० विद्यार्थी र शिक्षक प्रत्यक्ष लाभान्वितस हुनुभएको छ। १९,००० भन्दा बढी पुराना कार्यरत २४ वटा विद्यालयका विद्यार्थीहरुमा पनि ईभेन्ट, कलेक्सन र क्याम्पेनहरुका माध्यवाट हामी  निरन्तर संलग्न छौं ।

२ ३२ टिचिङ्ग आवर वरावरको  फोहर व्यवस्थापन पाठ्यक्रम थप गरेका नयाँ स्कुलमा लागु गरियो । पुनःप्रयोग, पुनर्चक्रण, प्लास्टीक हस्तकला निर्माण , रिसाईकल पेपरबाट विभिन्न हस्तकला, भाँडामा कम्पोस्ट, बगैंचावारी, कौसीखेती जन्य लगायत जम्मा ९०० वटा सिर्जनात्मक र ब्यवहारीक कक्षाहरु सँचालन भए ।

३. वर्षभरिमा  Children-BEEP कार्यरत विद्यालयहरु मध्ये १८  विद्यालयबाट करिव ४५ टन (करिव ३० टन कागज र १५ टन प्लास्टिक) संकलन गरि ब्यवस्थापन गरियो । सकेसम्म संकलित धेरै ठोस फोहोरमैला संस्था आफैले रिसाईकल र पुन प्रयोग गरि हस्तकलामा परिणत गरियो भने लाईन पार्टनरका रुपमा  कबाडीमार्फत पुनर्चक्रण  वा उधोगको कच्चा पदार्थको रपमा रूपान्तरण गरियो ।

४ यो वर्ष  करिव १४ वटा नयाँ विद्यालयहरुमा Children-BEEP पाठ्यक्रम सिकाईको आधारमा  कक्षाकोठा तहदेखी नै  फोहोर छुट्टयाउने  र संकलन गर्ने  कन्टेनर, डस्टविन वितरण ब्यवस्थापन गरियो जसमा ग्रिनफिल्ड एजुकेशन फाउण्डेसन एक्लैले आफ्ना मातहतका ९ वटै विद्यालयमा शत प्रतिशत लगानी गरी सामदानलाई ठुलो सहयोग पुर्‍यायो । सामदान उक्त फाउण्डेसन अन्तरगतका केवल ३ वटा विद्यालयहरुमा मात्र कार्यरत छ ।

५. , सेक्रेड हार्ट स्कुल, एन्जल हार्ट स्कुल, आरुणी स्कुल, एन्जलहार्ट नेशनल स्कुल लगायत यो आर्थिक वर्षमा थपिएका नयाँ विद्यालयहरुको सहयोगी  भुमिका यो वर्ष उच्च रहन गयो । सरसफाई शिविर चेतनामुलक प्रदर्शनीहरु, विश्व वातावरण दिवस तथा अन्तर्राष्ट्रिय विचार-विनिमय कार्यक्रमहरु गरी सम्पन्न भएका जम्मा ३२ वटा साना ठुला विभिन्न आउटडोर इनडोर कार्यक्रममा  यो संस्था कार्यरत विद्यालयहरुले आर्थिक र भौतिक रुपमा अत्यन्त महत्वपुर्ण भुमिका निर्वाह गर्नुभयो  । यस आ व मा Hald International School, नर्वे, Folk High School नर्वे, हिमाल पार्टनर नर्वे, EDN Team जापान लगायतका अन्तराष्ट्रिय समुहहरु सँग ठोस फोहोरमैला र सफा पर्यावरण सँग सम्वन्धित विभिन्न विचार विमर्श कार्यक्रमहरु आयोजना गरियो ।

६. संस्था कार्यरत विद्यालयहरुमध्ये १८ वटा विद्यालयहरुमा  सक्रिय इको-क्लबहरुको स्थापना भएका छन । यी १८ वटा क्लवहरुमा जम्मा ४२५ जना क्लव सदस्यहरु छन जसलाई Children-BEEP ले पर्यावरण योद्धाको रुपमा ब्याख्या गर्दछ  । यि योद्धाहरु प्रदुषित वातावरणलाई जिवनयोग्य तुल्याउनका लागी असल नमुना देखाउने भविस्यका लिडरको रुपमा विकसित गरिदै छ  जसका लागी विभिन्न किसिमका तालिम, छलफल र एक्सेचेन्ज भिजिट जस्ता विभिन्न १०  कार्यक्रमहरुको आयोजना गरियो  ।

## कार्यक्रमको प्रभावहरु

१. Children-BEEP का कार्यक्रममा सहभागी हुने विद्यार्थीहरुले  सार्वजनीक ठाउमा फोहोर फाल्न छाडेका छन । उनिहरु  चढिरहेको वसवाट आफुले निकालेका फोहोरहरु सडक वा नदिनालामा फाल्दैनन् । उनिहरु अभिभावक र शिक्षक शिक्षिकाहरुलाई पनि खवरदारी गर्ने क्षमतामा पुगेका छन जसले अव एउटा सचेत पुस्ता निर्माण भयो भन्ने निश्चित गराउदछ ।

२. विद्यालयहरुले चिल्ड्रेन विपको उदेश्य र यसको आवश्यकतालाई वुझेका कारण यो वर्ष करिव ७३ वटा नयाँ विद्यालयहरुबाट यो कार्यक्रमको माग भयो । पछिल्ला ३/४ वर्ष देखी काम गरिरहेका विद्यालयहरुमा चिल्ड्रेन विपको पाठ्यक्रममा आधाारित रहेर वार्षिक परिक्षामा ५० पुर्णाङ्क सम्मको प्रश्न सोध्नेगरी सम्झौता गरीएको छ । यसले विस्तारै यो पाठ्यक्रमको प्रभावकारीता बढेको देखीन्छ ।

३. विद्यालयहरुमा उपलब्ध खाली ठाँउको आधारमा हरियाली देखीन थालेको छ र विद्यालय वरीपरीका समुदायहरु तुलनात्मक हिसापले केही सफा देखीन थालेका छन

४. विद्यालय र अभिभावकमा फोहोरमैलाको वर्गीकरण र वर्गीकृत ठोस फोहोरमैलाको ब्यवसायीक प्रयोग गर्नुपर्ने विचारले महत्वपुर्ण स्थान पाएको छ जसले क्रमश ल्याण्डफिल्ड साईटमा थोरैमात्रामा भएपनि फोहोरको परिमाणलाई घटाउदैछ ।

## ग बालबालिका शिक्षा सहयोग कार्यक्रम (CESP)

आर्थिक रूपमा विपन्न जिवन गुजारिरहेका, अभिभावकहरु ले विभिन्न कारणले वेवास्ता गरेका, पिछडिएका जात वा वर्गका वा विभिन्न कारणले अभिभावक गुमाएर अन्य कसैले संरक्षण गरेका तर औपचारिक शिक्षा हासील गर्न उत्कट ईच्छा वोकेका बालबालिकालाई गुणस्तरीय शिक्षामा समान पहुँच दिलाई देशको निम्ति असल नागरीक निर्माणमा टेवा पुर्‍याउने, परिवारको आर्थिक उन्नतिमा सहयोग गर्ने, शिक्षित, जिम्मेवार र सक्षम नागरिक विकास गरी परिवार, समुदाय र राष्ट्र निर्माणमा योगदान पुर्याउने उदेश्यका साथ आर्थिक वर्ष २०८१/८२ मा बालबालिका शिक्षा सहयोग कार्यक्रम अन्तरगत देहायका कामहरु गरिए ।

१. पुर्वनिर्धारित उदेश्यअनुरुप ४१ जना बालबालिकालाई नियमित शिक्षा र स्वास्थ्य सहयोग प्रदान गरियो । उहाँहरु प्रत्येक आज सामदानको महत्वपुर्ण परिवारको रुपमा हुनुहून्छ ।

२. प्रत्येक बालबालिकालाई मासिक रु २,४०० का दरले त्रैमासिक रुपमा नियमित शिक्षा सहयोग, सामदानको वैक खातावाट उहाँहरुको विद्यालय वा अभिभावक वा केयरटेकरको खातामा सिधै ट्रान्सफर गरियो । डाक्टरको प्रिस्किप्सन र औषधी उपचारको प्रमाणीत विलको आधारमा औषधि उपचारमा वार्षिक रु ३,६०० प्रति ब्यक्ति सम्म स्वास्थ्य सहयोग प्रदान गरियो । कति परिवारले स्वास्थ्य सुविद्या नलिएकोमा घर परिवार भेटघाटका क्रममा स्वास्थ्यसँग सम्वन्धित सामाग्रीहरु प्रदान गरियो । सवै परिवारहरुलाई संस्था वाट प्राप्त हुने सुविद्याको भरपुर उपयोग गर्न पुन आग्रह गर्दछौं ।

३. परिवार भेटघाट तथा फलो-अप
अ. ८ फेव्रुवरी २०२५ CESP का ३४ जना बालबालिका र ३६ जना अभिभावक वा उनिहरुका आफन्तले Children-BEEP परिसरमा आयोजित शैक्षिक परामर्श तथा प्रेरणात्मक कार्यक्रममा सहभागिता जनाए ।

- श्री टंका राई (उपाध्यक्ष, SAMDAN, Certified ICDP प्रशिक्षक) ले "खुशी र सुखी परिवार कसरी बनाउने" विषयमा सेसन सञ्चालन गर्नुभयो ।
- श्रीमती सानु गुरुङ (प्रधानाध्यापक, हैप्पी होम मोन्टेसरी) ले "विद्यालय र घरबीच बालबालिकाको चाहनालाई कसरी मिलाउने " विषयमा सम्बोधन गर्नुभयो ।
- श्री सङ्कल्प भट्ट , Scholar, न्युयोर्क विश्वविद्यालय, ले "विद्यालय शिक्षा पछि के गर्ने ?" भन्ने विषयमा सत्र सञ्चालन गर्नुभयो।

आ. खोटाङ भ्रमण (मेलिना दाहाल, विजय राई, बिभीषण नाचरिङ राई, रोमिका दाहाल, लाप्सन राई) – २०७८/४/३१ (2024/7/15)

इ. दोलखा भ्रमण (सन्देश कुमार ओली) – २०८१/९/४ (2024/12/19)

४.	विदाई

१२ कक्षा उत्तीर्ण गरेका ४ विद्यार्थीहरुलाई बिदाइ कार्यक्रम १४ औं साधारण सभामा राखीएको छ ।  आगामी वर्षदेखि बाँकी ३७ बालबालिकालाई निरन्तर सहयोग गरिनेछ ।

## घ. वित्तीय विवरण

| आम्दानी | रकम | खर्च | रकम |
|---|---|---|---|
| बाह्य जम्मा प्रत्यक्ष आम्दानी (सम्झौता अनुसार बैक मार्फत) | 3941271.30 | प्रशासनिक खर्च स्टाफ तलव, स्टाफ वेलफेयर र साधारण प्रशासनिक खर्चहरु सहित : प्रत्यक्ष | ११६३०९६.२९ |
| आन्तरीक श्रोतबाट जम्मा प्रतक्ष्य(नगद वा चेक) आम्दानी | 687409.50 | कार्यक्रम लागत :प्रत्यक्ष | ३१०२४५२.५६ |
| जम्मा  प्रत्यक्ष आम्दानी | 4628680.80 | अप्रत्यक्ष खर्च | १८२१०००.०० |
| आन्तरीक तर्फ अप्रत्यक्ष आम्दानी : अन्दाजी | 1821000.00 | बैक मौज्दात | ० |
| जम्मा आम्दानी : जम्मा प्रत्यक्ष र जम्मा अप्रत्यक्ष आम्दानी | 6449680.8 | मुख्य कोष | ४७३३३.८८ |

**अप्रत्यक्ष सहयोगको विस्तृत विवरण**

| अप्रत्यक्ष आम्दानी श्रोतहरु | अन्दाजी रकम रु |
|---|---|
| सामदानको गित म्युजिक भिडियो –हिमाल पार्टनर | २००००० |
| कन्टेनरहरु, डस्टविनहरु अन्य सामाग्रीमा– ग्रिनफिल्ड एजुकेशन फाउण्डेसन | ७००००० |
| क्राफ्ट सिकाउदा प्रयोगमा आउने औजारहरु(कैची, स्केल, क्वाईलिङ्ग निडल, ग्लु र अन्य)– विद्यालय वा विद्यार्थी स्वयं | ४९५००० |
| हल र साउण्ड सिस्टमहरुः कार्यक्रमहरुका लागी स्कुलहरुले प्रदान गरेका सुविधा | १५०००० |
| विभिन्न ईभेन्टहरुमा विद्यालयहरुले गरेको यातायात तथा खाना र खाजा खर्चहरुः ७०० जना भन्दा वढीलाइ | ५६००० |
| नर्सरीका लागी चाहिएको जग्गा–सेक्रेड हार्ट स्कुल | १००००० |
| सामदानका स्टाफहरुलाई नियमित खुवाएको खाजा खर्च  –सेक्रेड हार्ट स्कुल | २०००० |
| विरुवाहरु– विउ तथा बालिविज्ञान प्रयोगशाला | १००००० |
| जम्मा अप्रत्यक्ष सहयोग | १८२१००० |
| आन्तरिक श्रोतवाट प्रत्यक्ष आम्दानी भएको ६८७४०९.५० र  आन्तरीक श्रोत वाट अप्रत्यक्ष सहयोग १८२१००० गरी जम्मा स्थानीय आम्दानी | २५०८४०९.५ |
| जम्मा खर्च रु  ६४४९६८०.८ मा स्थानीय योगदान ३८.८९ प्रतिशत र बाह्य योगदान ६१.११ प्रतिशत रहन गयो । | |

## ङ. सारांश

२०८१/८२ मा सामदानले बालबालिकामा आधारित वातावरणीय शिक्षा कार्यक्रम (Children-BEEP) र शैक्षिक सहयोग (CESP) कार्यक्रममार्फत हजारौं विद्यार्थी, शिक्षक, अभिभावक र समुदायलाई प्रत्यक्ष लाभान्वित गर्दै विद्यालय शिक्षा र ठोस फोहोरमैला व्यवस्थापनको नमुना कार्यक्रम मार्फत वातावरण संरक्षण र सामाजिक विकासमा ठोस योगदान पुर्याएको छ ।